| ३११५१ सडक तथा पूल निर्माण | ५७,१३,८८,०००.०० | ४५,३२,२८,०९०.६२ | ७९.३१ | ११,८१,५९,९०९.३८ |
| ३११५३ विद्‌युत संरचना निर्माण | १८,००,०००.०० | ४,८५,०२५.३८ | २६.९५ | १३,१४,९७४.६२ |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १,८१,००,०००.०० | १,६३,५९,२६३.०० | ९०.३८ | १७,४०,७३७.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ४२,९०,०००.०० | २८,०८,३१०.०० | ६५.४५ | १४,८१,६९०.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ६,४०,८५,०००.०० | ६,१३,५२,५७३.०० | ९५.७४ | २७,३२,४२७.०० |
| ३११५७ वन तथा वातावरण संरक्षण | ८५,२५,०००.०० | ७५,२६,४५२.०० | ८८.२९ | ९,९८,५४८.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | ५,००,०००.०० | ५,००,०००.०० | १०० | ०.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २१,३७,५९,२७२.०० | १६,५८,७१,७३५.०० | ७७.५९ | ४,७८,८७,५३७.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,४७,७१,०००.०० | ३७,६३,२०६.९६ | २५.४८ | १,१०,०७,७९३.०४ |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ६५,००,०००.०० | ३६,४२,८६७.०० | ५६.०४ | २८,५७,१३३.०० |
| जम्मा | २,०५,५५,७०,०००.०० | १,४२,२४,७३,९१५.५२ | ६९.२ | ६३,३०,९६,०८४.४८ |

## ४.९. राजस्व परिचालन शाखा :

### ४.९.१. परिचय :

नेपालको संविधान २०७२ मा स्थानीय सरकारलाई प्रदान गरिएका राजस्व परिचालन सम्बन्धी अधिकारको कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नीतिगत मार्ग दर्शन प्रदान गरेको छ । सो ऐन बमोजिम १३ किसिमका कर र गैर कर राजस्व संकलन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । संविधान र ऐनको भावना अनुरुप नगरसभाबाट आर्थिक ऐन तर्जुमा गरी राजस्व संकलनको कानूनी र प्रकृयागत आधार सहित सवै शिर्षकमा राजस्वका दरहरु निर्धारण गरिएको छ । नगरसभाबाट निर्धारित दरमा राजस्व संकलन, स्रोत परिचालन राजस्वको लेखांकन एवं आवश्यक पर्ने विभिन्न प्रतिवेदनहरु तयारीका लागि संगठन संरचनामा राजस्व परिचालन शाखाको व्यवस्था गरिएको छ । नगरपालिकाले राजस्व संकलन कार्यलाई छिटोछरितो, पारदर्शि र सेवाग्राहीमुखी बनाउने उद्देश्यले राजस्व सफट्वेयर प्रयोगमा ल्याईएको छ । यस सफट्वेयरको माध्यमबाट दैनिक रुपमा संकलन भएको राजस्वको प्रतिवेदन प्राप्त हुने भएकोले राजस्व हिसाव निकाल्ने कार्य सजिलो भएको छ भने नगरपालिकाको १० वटै वडका कार्यालयमा सवै किसिमका राजस्व संकलन हुने व्यवस्था मिलाईएकोले नागरिकहरुलाई राजस्व बुझाउनका लागि सहजता भएको छ ।

४.९.३. राजस्वका प्रमुख स्रोतहरु :

| क्र.स. | राजस्व शिर्षक | क्र.स. | राजस्व शिर्षक |
|---|---|---|---|
| १ | सम्पत्ति कर | ७ | पार्किग शुल्क |
| २ | घरजग्गा वहाल कर | ८ | सेवा शुल्क एवं दस्तूर |
| ३ | व्यवसाय रजिष्ट्रेशन शुल्क | ९ | पर्यटन शुल्क |
| ४ | भुमि कर | १० | सवारी साधन कर |
| ५ | विज्ञापन कर | ११ | जडीबुटी एवं कवाडी कर |
| ६ | वहाल विटौरी शुल्क | १२ | सेवा शल्क एवं अन्य दस्तूर |

उपरोक्त स्रोतहरु नगरपालिकाको आन्तरिक आयहरुको शिर्षक हुन भने नेपालको संविधान अनुसार केही वाह्य स्रोतहरुलाई पनि नगरपालिकाले राजस्वको रुपमा आम्दानी गर्ने गरेको छ

क.राजस्व बाँडफाँड केन्द्रको तर्फबाट (मूल्य अभिवृद्धि कर)

ख.राजस्व बाँडफाँड प्रदेश (सवारी साधन कर)

ग. मालपोत रजिष्टेशन शुल्क ।

### ४.९.७. आ.व.२०७८।७९ को वडागत रुपमा भएको राजस्व संकलन :

| **वडा नं.** | **वर्षिक संकलन** |
|---|---|
| **१** | **९०,६९,६६३.३२** |
| **२** | **१२२७९०११.८८** |

| | |
|---|---|
| ३ | ८५७२६९२.२० |
| ४ | १४७८७१९४.१३ |
| ५ | १५५६८३१८.०० |
| ६ | ६८४५८९३.७५ |
| ७ | १५६०३८५२.०० |
| ८ | २०९०१३९७.६० |
| ९ | ७०१६६१८.२० |
| १० | ८२५२००३.०० |
| **नगरपालिका** | १५११५३८३०.०० |
| **जम्मा** | २७००५०४७४.०८ |

**४.९.१०. राजस्व परिचालनको क्षेत्रमा भएका समस्या र चुनौतीहरु :**

क. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन,२०७४ ले पर्याप्त अधिकार प्रदान गरेको विषयमा जनमानस र अन्य निकायहरुमा पर्याप्त जानकारी नभएकोले राजस्व संकलन कार्यमा कठिनाई भएको

ख.नेपालको संविधान बमोजिम अनुसुचि ८ मा बहाल कर स्थानीय तहको एकल अधिकार सूचीमा रहेको भए पनि हाल प्रकृतिक व्यक्तिको मात्र बहाल असुली हुन परिपत्र भएको छ

ग.विश्वव्यापी महामारीको मारमा सवै प्रकारका व्यसायहरु परेकोले राजस्व संकलन क्षेत्र प्रभावित भएको छ

घ.प्रदेश संग बाडफाँड हुने राजस्वको हकमा प्रदेशबाट समेत आवश्यक पहल हुनुपर्ने देखिन्छ।

**४.९.११. आगामी कार्य योजना :**

क.वहाल आयलाई दायरमा ल्याउनका लागि विशेष अभियानहरु संचालन गर्नुपर्ने

ख.व्यवसाय र उद्योग दर्ताको लागि थप विधि तथा कानून निर्माण गर्नुपर्ने

ग.राजस्व को दायरा अनुगमन कार्यलाई थप प्रभावकारी वनाउनु पर्ने ।

## ४.१०. सहकारी शाखा

४.१०.१. परिचय :

सहकारी मूल्य मान्यता र सिद्धान्त अनुरुप सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत सूर्यविनायक नगरपालिका क्षेत्रमा रहेको पुँजी प्रविधि र प्रतिभालाई स्वालम्बन र पारस्पारिकताको आधारमा एकिकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्ननयन गर्न, उद्यमशिलता, व्यवसाय प्रबर्द्धन, समूहमा आधारित सदस्य केन्द्रित लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रुपमा सहकारी संस्थाहरुको गठन, प्रर्द्धधन गर्न सामाजिक न्यायमा आधारित भई सहकारी

खेती, बस्तु तथा सेवा व्यवसायको माध्यमबाट आत्म निर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संस्थाहरु दर्ता, सञ्चालन, नियमन, समन्वय व्यवस्था लगायतको कार्य स्थानीय तहबाट गर्ने गरी गरिएको संवैधानिक व्यवस्थाको कार्यान्वयनको सन्दर्भमा साविकमा जिल्ला सहकारी कार्यालयमा दर्ता रहेको तथा नयां दर्ताहुने सबै सहकारीहको नियमन गर्ने जिम्मेवारी स्थानीय तहमा आए पश्चात सूर्यविनायक नगरपालिकामा मिति २०७४ सालमा सहकारी शाखा स्थापना भई संचालनमा रहेको छ भने नगर क्षेत्रभित्र रहेका सहकारीहरुको नियमन व्यवस्थापनको लागि सहकारी ऐन, २०७४ र सहकारी नियमावली २०७८ जारी भई लागू रहेको छ ।

नेपालको तीन खम्बे आर्थिक विकास नीति अन्तर्गत सहकारी मूख्य एक रहेको सन्दर्भमा यसै अनुरुप यस क्षेत्रको विकास मार्फत समाजबाद उन्मुख स्वतन्त्र र समृद्ध राष्ट्रिय अर्थतन्त्र विकास गर्न यसको महत्वपूर्ण योगदान हुनेछ ।

कुल विनियोजित बजेटः रु.२६०००००।
कुल वित्तीय खर्च प्रगतीः रु. ११२२६६१।

## वार्षिक योजना तथा कार्यक्रमको अवस्थाः

| क्र.स. | कार्यक्रम | एकाई | वजेट रु. | ०८०।८१को भौतिक प्रगति | ०८०।०८१को खर्च रु. |
|---|---|---|---|---|---|
| | **तालिमः** | | **५०००००।** | **उपस्थिती** | |
| १ | कोपोमिस तालिम | १पटक २दिने | | ४५ जना | १०७६०६। |
| २ | लेखा समिति भूमिका तालिम | १पटक २दिने | | ४८ जना | १०९९२०। |
| ३ | व्यवस्थापक तालिम | १पटक ३दिने | | ६० जना | १५५५१५। |
| ४ | राष्ट्रिय सहकारी बैंकमा गोष्ठि | १पटक २दिने | | ७ जना | ६४०००। |
| | | | | | **४३७०४१।** |
| | **अभिमुखिकरणः** | | **२०००००।** | | |
| १ | विद्युतीय सहकारी शिक्षा अभिमुखिकरण | १पटक १दिने | | १४० जना | ९२७१०। |
| | | | | | **९२७१०।** |
| | **अनुगमन तथा निरीक्षणः** | | **१०००००।** | | |
| १ | सहकारी अनुगमन | ८सहकारी पटक पटक | | | ३०००० |
| | | | | | **६७०००।** |
| | **सहकारी सवलीकरण कार्यक्रम** | | **१००००००।** | | |
| १ | सहकारी दिवस बैठक | २ पटक ३२ जना | | | २९०००। |
| २ | विविध खर्च | | | | ३९१०। |
| ३ | इ. विधा प्याकेज | | | | ४९३०००। |
| ४ | सहकारी दिवस | मितिः२०८०।१ २।२० | | | **आर्थिक प्रशासन शाखाबाट खर्च भएको** |
| | | | | | **५२५९१०।** |

| | | | | | |
|---|---|---|---|---|---|
| | **कुल खर्च** | | | | **११२२६६** |

## आ.व. ०८०।८१मा भएका नियमित कार्यहरु:

| **क्र. सं** | **कार्यक्रमको नाम** | **मिति** | **सहभागी संख्या** |
|---|---|---|---|
| २ | कृषि शाखा र सहकारी शाखा बिच सम्यूक्त रुपमा सहकारी संस्थाहरुको प्रारम्भिक अनुगमन | विभिन्न समयमा | २२ वटा सहकारी संस्थाहरु |
| ३ | समावेशिकरण शाखाको समन्वयमा महिला सहकारी संस्थाहरुको अन्तरक्रिया कार्यक्रम ६ वटा वडामा १३ वटा संस्थाहरु सहभागी | विभिन्न मितिमा | सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समिति |

१. सहकारी सूचीकरण: ४ संस्था
२. सहकारी संस्था नविकरण: १५९ संस्था
३. सहकारी संस्था अडिटर स्विकृती: १०२ संस्था
४. संघ संस्था समुह नविकरण: ६२ "
५. संस्था सूचीकरण: ३२ "
६. समुह, समिति, संस्था: दर्ता १६ "
७. खानेपानी उ.स. नविकरण: १० "
८. खानेपानी उ.स. सूचीकरण: ७ "
९. " " दर्ता: ४ "
१० योजना उ.स. दर्ता: १४ "
११. टोल सुधार समिति: नविकरण: २७ "
१२. " " " : दर्ता: ८ "
१३. अन्य सिफारिस तथा पत्राचार: ९५० वटा

**समस्याहरु:**

१. जनशक्ति तथा भौतिक व्यवस्थापनको अभाव,
२. सहकारी संस्थाहरुले आवश्यक विवरणहरु समयमा नपठाउने,
३. अनुगमन निरीक्षणमा प्रकृयागत समस्या,
४.सहकारी संस्थाहरुमा दक्ष जनशक्ति तथा प्रविधि मैत्री नभएको,
५. सहकारी संस्थाहरुका कर्मचारीमा तालिमको अभाब,
६. तथ्याङ्क र अभिलेख व्यवस्थापनमा कठिनाई ।
७. सहकारी संस्थाहरुबाट बचत फिर्ता तथा ऋण असुली गर्न नसकेको कारण जनगुनासो बढेको ।

**समस्या समाधानका उपायहरु:**

१.सहकारी शाखामा जनशक्ति तथा भौतिक व्यवस्थापन गर्नुपर्ने,
२ सहकारी संस्थाहरुसँग अन्तरकृया तथा छलफल कार्यक्रममा तिब्रता ल्याउनुपर्ने,
३. अनुगमन प्रकृयालाई सहजता गराउन कार्यविधि बनाउनुपर्ने,

४.सहकारी संस्थाहरुका कर्मचारीहरु तथा पदाधिकारीहरुलाई तालिम तथा प्रविधिमैत्री बनाउनको लागि समन्वय गर्नुपर्ने,

५.तथ्याङ्क र अभिलेख व्यबस्थापनलाई सुदृढ बनाउनुपर्ने ।

६. २५ सहकारीको उजुरी परेको र गुनासो व्यवस्थापनका लागि सहकारी संस्थाका पदाधिकारीहरुलाई सम्पर्क गरि बचत फिर्ताको लागि पहल गरिको, संस्थाका पदाधिकारीहरु र सेयर सदस्यहरु बिच त्रीपक्षीय पटक पटक छलफल गरि सम्झौता गर्ने गरिएको, सम्पर्कमा नआउने संस्था तथा सम्झौता पालना नगर्ने संस्थाको सन्दर्भमा जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरिएको ।

## ४.११. कृषि विकास शाखा :

### ४.११.१. परिचय :

भक्तपुर जिल्लामा कृषि व्यवसाय आर्थिक विकासको आधारशीला मात्र नभई जीवनशैली एवं परम्परागत सम्पतिको रुपमा रहँदै आएको छ। यस क्षेत्रमा आर्थिक दृष्टिकोणले सक्रिय जनसंख्याको ठूलो हिस्सा निर्भर रहेको छ। कृषि क्षेत्रको योगदान उल्लेखनीय रहेको र तत्काललाई जीवन निर्वाह साथै गरिबी घटाउने अर्को विकल्प नरहेको परिप्रेक्ष्यमा परम्परागत रुपमा निर्वाहमूखी कृषि पद्धति अंगाल्दै आएका कृषकहरुलाई विभिन्न उन्नत कृषि प्रविधिहरुको प्रचार प्रसार, आधुनिक एवं व्यावसायमुखी कृषि पेशातर्फ उत्प्रेरित गर्ने अभिप्रायले कृषि विकास शाखाको रुपमा आ.व.२०७४।०७५ देखि यस नगरपालिकामा स्थापना भएको हो ।

कृषि विकासका लागि भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिका आधुनिक र सघन कृषि खेती प्रणालीमा देशमै अग्रपंतिमा रहेको छ । खासगरी यहाँ मुख्य बाली, धान, गहुँ, मकैलाई लिइन्छ । यसको साथै तरकारी बालीमा आलु, काउली, वन्दा काका, फर्सी, गोलभेडा, हरियो साग, कुरिलो खेतीलाई विशेष प्राथमिकता दिएको पाइन्छ । पुष्पखेती र च्याउ खेतीतर्फ पनि कृषकहरु आकर्षित भएको पाइन्छ ।

- **कुल विनियोजित बजेटः रु. ३,०३,४०,०००**
- **कुल वित्तीय (खर्च) प्रगतीः रु. १,१४,१३,९२७.८५ ( ३७.६ प्रतिशत)**
- **कुल भौतिक प्रगतिः ( प्रतिशत)**
- **मुख्य मुख्य उपलब्धिहरुः**

  **१. तरकारी खेति तथा च्याउ खेतीमा उत्पादन वृद्धि तथा क्षेत्र बिस्तार**

  **२. पुष्पखेतिमा आधुनिक प्रविधि भित्र्याई आम्दानीको दिगो श्रोत व्यवस्थापन**

  **३. कृषकहरुलाई अनुदानमा बिउ-बिजन तथा कृषि सामाग्री वितरण**

  **४. माटो तथा वातारण संरक्षणको लागि माटो जांच तथा बाली संरक्षण सुविधा**

- **वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था**

| क्र.सं. | कार्यक्रम क्रियाकलाप | एकाइ | आ.व. २०८०/०८१ वार्षिक प्रगति (भौतिक) | | | हाल सम्मको प्रगति भौतिक | | | आ.व. २०८०/०८१ को खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | प्रतिशत | परिमाण | भार | प्रतिशत | रकम | प्रतिशत | |
| १ | २ | ३ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २२ |
| १ | तरकारी पकेट निरन्तरता कार्यक्रम | वटा | ३ | | १०० | ९ वटा फार्म/सहकारी | | | ९,७०,६८६ | ९७.०७ | |
| २ | च्याउ पकेट निरन्तरता कार्यक्रम | वटा | १ | | १०० | २ वटा फार्म/सहकारी | | | ३,२१,५१५ | ५३.५९ | |
| ३ | तरकारी खेति प्रवर्द्धन कार्यक्रम | पटक | १ | | १०० | ११ वटा फार्म | | | १२,७४,०४४.८५ | ६४.५१ | |
| ४ | किसान सूचीकरण कार्यक्रम | पटक | १ | | १०० | ९२३० कृषक सुचिकृत | | | १,९६,००० | ९८. | |
| ५ | तरकारी बिकास कार्यक्रम (सबै वडा) | पटक | १ | | १०० | ८ वटा फार्म | | | ७,७३,५५७ | ५१.५७ | |
| ६ | तरकारी विकास कार्यक्रम (सुनपा ४) | पटक | १ | | १०० | २ वटा फार्म | | | ३,४६,३५१ | ३४.६४ | |
| ७ | पुष्पखेति कार्यक्रम (सुनपा ४ र ७) | पटक | १ | | १०० | २ वटा फार्म | | | ७,८५,६०० | ५२.३७ | |
| ८ | ५०% अनुदानमा प्लास्टिक टनेल वितरण कार्यक्रम | वटा | २०० | | १०० | ७२८ जना कृषकहरु लाभान्वित | | | ८,७७,९९८ | ८७.८ | |
| ९ | ५०% अनुदानमा कृषि औजार वितरण कार्यक्रम | वटा | १०० | | १०० | ३५० जना कृषकहरु लाभान्वित | | | ३,४९,९९९ | ३५. | |
| १० | तरकारीको उन्नत बिउ वितरण कार्यक्रम | केजी | ३०८४ | | १०० | १६,७७९ जना कृषकहरु लाभान्वित | | | ७,४९,८४० | ९९.९८ | |
| ११ | ५०% अनुदानमा धानको बिउ वितरण कार्यक्रम | केजी | ३१७५ | | १०० | ४६०० जना कृषकहरु लाभान्वित | | | २,३०,००० | ५२.९ | |
| १२ | ५०% अनुदानमा गहुँको बिउ वितरण कार्यक्रम | केजी | २४०० | | १०० | ३१८९ जना कृषकहरु लाभान्वित | | | ९७,००० | १००. | |
| १३ | प्रांगारिक मल वितरण कार्यक्रम | केजी | ४४०० | | १०० | ११५२ जना कृषकहरु लाभान्वित | | | १,५७,५०० | ९८.४४ | |
| १४ | ५०% अनुदानमा कृषि चुन वितरण कार्यक्रम | केजी | ४००० | | १०० | ५८० जना कृषकहरु लाभान्वित | | | ८७,५०० | ४३.७५ | |
| १५ | ७०% अनुदानमा पुष्प बेर्ना उत्पादन कार्यक्रम | पटक | १ | | १०० | ६००० जना कृषकहरु लाभान्वित | | | ८,१८,४३१ | ६८.२ | |
| १६ | माटो जांच कार्यक्रम | पटक | २ | | १०० | २०७४ जना कृषकहरु लाभान्वित | | | ५७,५०० | १९.१७ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | बिषादी न्यूनीकरण सम्बन्धि तालिम कार्यक्रम | पटक | २ | | १०० | ७० जना कृषकहरु लाभान्वित | | | १,२४,७०० | ६२.३५ | |
| १८ | मौरी पालन व्यवसाय | पटक | १ | | १०० | २५ जना कृषकहरु लाभान्वित | | | ३,३०,१०० | ६०.६२ | |
| १९ | एक विद्यालय एक कृषि बगैचा स्थापना कार्यक्रम | वटा | ३ | | १०० | ३ वटा विद्यालय | | | ३,००,००० | १००. | |
| २० | अदुवा/बेसार प्रवर्द्धन कार्यक्रम | पटक | १ | | १०० | १६ जना कृषकहरु लाभान्वित | | | २,९०,४०० | ९६.८ | |
| २१ | एक वडा एक बाली उत्पादन पकेट स्थापना कार्यक्रमः कुरिलो | पटक | १ | | १०० | १२ जना कृषकहरु लाभान्वित | | | १,७५,००० | ७०. | |
| २२ | एक वडा एक बाली उत्पादन पकेट स्थापना कार्यक्रमः च्याउ | पटक | १ | | १०० | ६ वटा फार्म | | | ३,५०,००० | ७०. | |
| २३ | आकस्मिक बाली संरक्षण | पटक | १ | | १०० | १३०० जना कृषकहरु लाभान्वित | | | १,८८,१०० | ९५.२० | |

- **आ.व. २०८०/०८१ असार मसान्त सम्म ८४१० बोरा युरिया मल र ६८०५ बोरा डिएपी मल नगरपालिकामा प्राप्त भएको**

(५) शाखा/ वडाको समग्र विकासका सम्भावनाका क्षेत्रहरू

(क) कृषि पर्यटन

(ख) बिषादी रहित तरकारी उत्पादन

(ग) पुष्पखेती व्यवसाय

(६) शाखा/ वडाले गरेका महत्वपुर्ण अनुकरणीय नमुनायोग्य असल अभ्यास

(क) कट-फ्लावर सम्बन्धि high-tech टनेल निर्माण

(ख) IDI र नगरपालिकाको समन्वयमा कृषकहरुमा पुष्पखेति तथा उधमशिलता सम्बन्धि तालिम

(७) शाखा/ वडामा देखिएका भोगिएका विद्यमान समस्याहरू

(क) माटो परिक्षण तथा रोग-किरा परिक्षणको लागि LAB

(ख) Agro-Vet द्वारा जथाभावी बिषादी बिक्रि वितरण

(८)समस्या समाधानका उपाय एवं सुझावहरू

(क) lab व्यवस्थापन तथा lab-technician

(ख) agro-vetको लागि नियमित अनुगमन र नगरपालिकामा दर्ता

## ४.१२. पशुपक्षी विकास शाखा :

### ४.१२.१. परिचय :

भक्तपुर जिल्लामा कृषि अन्तर्गत पशु व्यवसाय वहुसंख्यक जनसंख्याको आर्थिक विकासको आधारसीलामात्र नभई उनीहरुको जीवनशैली एवं परम्परागत सम्पतिको रुपमा रहँदै आएको छ । यस क्षेत्रमा आर्थिक दृष्टिकोणले सक्रिय जनसंख्याको ठूलो हिस्सा निर्भर रहेको छ ।पशु पालन क्षेत्रको योगदान उल्लेखनिय रहेको र तत्काललाई जीवन निर्वाह र गरिबी घटाउने अर्को विकल्प नरहेको परिप्रेक्ष्यमा परम्परागत रुपमा निर्वाहमूखी पशु पालन पद्धति अंगाल्दै आएका कृषकहरुलाई विभिन्न उन्नत प्रविधिहरुको प्रचार प्रसार र आधुनिक एवं व्यवसायमुखी पशु पालन व्यवसाय पेशातर्फ उत्प्रेरित गर्ने अभिप्रायले पशु विकास शाखाको रुपमा आ.व.२०७४।०७५ देखि यस नगरपालिकामा स्थापना भएको हो ।

कार्यक्रम सञ्चालनको क्रममा समयका मागसँगै जनप्रतिनिधीमूलक स्थानीय निकायको जिम्मेवारीमा पशु प्रसार सेवाको व्यवस्थापनबाट सेवा प्रवाहमा पारदर्शिता तथा प्रभावकारी बनाउने उद्देश्य अनुरुप यस नगरपालिकाको पशुपन्छी विकास उपशाखा रहेको छ ।

बहुसंख्यक कृषकहरु रहेको हाम्रो देश नेपालमा मेरुदण्डको रुपमा रहेको पशु विकास नगरी देशको विकास हुन नसक्ने कुरा सर्वविदितै छ । पशु विकासका लागि भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका आधुनिक र सघन पशु पालन प्रणालीमा देशमै अग्रपंतिमा रहेको छ । खासगरि यहाँ मूख्य गाइ, भैसी, भेडा बाख्रा तथा कुखुरा पालन व्यवसाय लाइ लिइन्छ ।

- **कुल विनियोजित बजेटः रु. ८० लाख रुपैयाँ मात्र**
- **कुल वित्तीय (खर्च) प्रगती रु. ६६ लाख ३२ हजार (८३ प्रतिशत )**
- **कुल भौतिक प्रगतिः ( प्रतिशत )**
- **मुख्य मुख्य उपलब्धिहरुः**

१. पशु स्वास्थ्य शिविर संचालन गरि वडा नं.१०,४ र १ का २७९ घरधुरी बाट ३९१८ वटा पशुपन्छीमा खोप तथा औषधि वितरण सेवा प्रदान गरिएको ।

२. सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम अन्तर्गत पहिलो र दोस्रो चरण गरि क्रमस ४७३ र ८८३ गरि जम्मा १३५६ वटा सामुदायिक कुकुर बन्ध्याकरण सम्पन्न गरिएको ।

३. पशुपालन फर्महरुमा बिद्यार्थीहरुको भ्रमण कार्यक्रममा सामुदायीक विद्यालयका ४० जना बिद्यार्थीहरुलाई कोन्ज्योसोम गाउपालिकाको शंखु भैसि फर्म र वासुदेव कृषि तथा पशुपालन फर्म अवलोकन भ्रमण गराइएको ।

४. कृतिम गर्भधारण सेवा अन्तर्गत गाई २८१३, भैसि ८२, बाख्रा ९ गरि जम्मा २९०४ वटा पशुमा कृतिम गर्भाधान सेवा प्रदान गरिएको

५.पशुपन्छीमा लाग्ने महामारी जन्य रोग लम्पि स्किन बाट क्षति पुगेका २४५ घरधुरिका ३०१ पशुहरुलाई राहत वितरण गरिएको र लम्पि विरुद्धको ३७५० डोज खोप लगाईएको ।

- **आन्तरिक आम्दानी (राजश्व सङ्कलन) को अवस्थाः (वडा कार्यालयको लागि मात्र)**

| क्र.सं. | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

- **सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फः (वडा कार्यालयको लागि मात्र)**

- **वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था**

| क्र. सं. | कार्यक्रम क्रियाकलाप | एकाइ | आयोजना अवधिभरको लक्ष्य (बहुवर्षिय आयोजनाको हकमा) | | | वार्षिक लक्ष्य | | | आ.व. २०८०/०८१ वार्षिक प्रगति (भौतिक) | | | हाल सम्मको प्रगति भौतिक | | | आ.व. २०८०/०८१ को खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | प्रतिशत | परिमाण | भार | प्रतिशत | रकम | प्रतिशत | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| १ | पशु औषधि उपचार | १ | | | | २००० पशुपन्छी | | १५० | १९७५ | | ९८.७५ % | | | | | | |
| २ | भ्यक्सिनेसन कार्यक्रम | १ | | | | १२२५० पशु | | २०० | | | ९९% | | | | | | |
| ३ | नश्लसुधार एवं पशु उपचार कार्यक्रम अन्तर्गत सामाग्री खरिद | १ | | | | १ कन्टेनर | | १०० | २९०४ | | ९९.४ % | | | | | | |
| ४ | परजीवी नियन्त्रण तथा औषधि वितरण | १ | | | | | | १५० | ४३०० | | ९९.५% | | | | | | |
| ५ | आकस्मिक रोग नियन्त्रण | १ | | | | | | ५०० | | | | | | | | | |
| ६ | शिविर संचालन | ३ | | | | | | ५०० | | | ९९.५% | | | | | | |
| ७ | सामुदायिक कुकुर व्यवस्थापन (बन्ध्याकरण तथा रेबिज खोप) | २ | | | | ५०० | | १००० | ४७३ | | ९५% | | | | | | |
| ८ | UMMB निर्माण तथा तालिम संचालन | २ | | | | ६० कृषक | | २०० | ६० कृषक | | ९४ % | | | | | | |
| ९ | चौपाया व्यवस्थापन | | | | | ---- | - | ३०० | --- | -- | -- | -- | -- | -- | -- | -- | |
| १० | भुइँ र डाले घाँस, हिउदे घाँस को बीउ वितरण (५०% अनुदान) | | | | | ---- | - | १०० | ----- | ---- | --- | --- | -- | --- | --- | --- | |
| | आहारा व्यवस्थापन कार्यक्रम (जै घाँस ५०% अनुदान) | १ | | | | १०० कृषक | | १०० | ७० | ७०० के.जी. | ८५% | | | | | | |
| ११ | प्रयोगशाला स्थापना | १ | | | | | | ५०० | | | ४५% | | | | | | |
| १२ | पशुपालन फर्ममा विद्यार्थीहरुको एक दिने भ्रमण | १ | | | | ४० बिद्यार्थी | | २०० | ४० बिद्यार्थी | | १००% | | | | | | |
| १४ | संघिय सशर्त अनुदान तर्फ | | | | | | | | | | | | | | | | |
| १५ | एक पालिका एक भेटेरिनरी डाक्टर | | | | | | | ५३८ | | | १००% | | | | | | |
| १६ | इपिडेमियोलोजिकल रिपोर्टिंग | १२ | | | | ४००० माथि पशुपन्छी | | १२ | १२ महिना | | १००% | | | | | | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रेबिज नियन्त्रण कार्यक्रम | १ | | | | ५०० कुकुर | | २०० | | | ९९% | | | | | | |
| १७ | महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम | १ | | | | २५० गाई/भैसी | | १०० | | | ९८% | | | | | | |
| १८ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | १२ | | | | | | १५० | | | ९९.५% | | | | | | |
| | प्रदेश ससर्त तर्फ | | | | | | | | | | | | | | | | |
| १ | पशुपालनको लागी घाँस तथा पौष्टिक आहार कार्यक्रम | १ | | | | १७ कृषक | | १००० | २७० बोरा दाना ३००० साइलेज | | ४०% | | | | | | |

१.शाखाको समग्र विकासका सम्भावनाका क्षेत्रहरू

(क) बाख्रा पालन /गाई पालनको सम्भावना रहेको
(ख) डेरी संचालन (चिस्यान केन्द्र निर्माण संकलन केन्द्र निर्माण
(ग) उन्नत जातका कुखुरा पालन तथा अन्डा उत्पादन
(घ) गाईको गोबर संकलन गरी कम्पोष्ट मल उत्पादन

(२) शाखाले गरेका महत्वपुर्ण अनुकरणीय नमुनायोग्य असल अभ्यास
(क) युरिया मोलासेस मिनिरल ब्लक निर्माण
(ख) पशुपालन फर्महरुमा बिद्यार्थीहरुको भ्रमण
(ग) पशु स्वास्थ्य शिबिर संचालन
(घ) सामुदायीक कुकुर बन्ध्याकरण
(ङ) ल्याबको सामान खरिद गरी गोबर परिक्षण
(च)

(३) शाखामा देखिएका भोगिएका विद्यमान समस्याहरू
(क) किसानहरुले वडा कार्यालय बाट प्राविधिक सेवा नपाएको
(ख) पशु सेवा उप-शाखाको लागी पशु उपचारको निम्ती उपर्युक्त ठाउँको कमी
(ग) औषधीको भण्डारण गर्न उपर्युक्त ठाँउको कमी

(४) समस्या समाधानका उपायहरू
(क) प्रत्यक २ वटा वडा हेर्ने १ जना प्राबिधिक कर्मचारी राख्ने
(ख) पशुपन्छीको उपचारको लागि उचित ठाउँको व्यवस्थापन गर्नु पर्ने

## ४.१३. वन वातावरण तथा विपद् व्यवस्थापन शाखा :

### ४.१३.१. परिचय :

वन र वातावरणको दृष्टिले यो नगरपालिका वातावरण मैत्री रहेको छ। यहां ५००० रोपनी क्षेत्रफल ओगटेको राष्ट्रिय प्राणी उद्यान, ३२ वटा विभिन्न सामुदायिक वन, केही धार्मिक र निजी वन समेत रहेको छन् । नगरपालिकाको कुल क्षेत्रफलको २२.२९ प्रतिशत भूभाग वन जंगलले ढाकेको हुँदा यहांको वातावरणमा कार्बन मोनोअक्साईड जस्ता हानिकारक ग्यासहरु न्यून मात्रामा मात्र रहेको वातावरण सम्बन्धी गरिएका खोज/अध्ययनहरुले देखाएको छन् ।

२०७१ सालमा राष्ट्रिय निकुञ्ज विभाग अन्तर्गत स्थापना भएको **राष्ट्रिय प्राणी उद्यान**को पूर्ण संरक्षण र विकास भएबाट उपत्यकाको वातावरणीय सन्तुलन कायम गर्न ठूलो मद्दत पुग्ने देखिन्छ । काठमाण्डौ उपत्यका भित्र २४५.१६५ हे. मा फैलिएको यति ठूलो वन क्षेत्र रहनु यहाँको प्रमुख विशेषता हुनेछ । उपत्यकाका बासिन्दाहरुको व्यस्त जीवनको थकान मेटाउने सुन्दर र रमणीय स्थलको रुपमा प्राणी उद्यान रहने निश्चित प्राय छ ।

वन, वातावरण/पर्यावरणको संरक्षणको लागि नगरपालिकाबाट धेरै कार्यहरु भएको छन् भने विपद र फोहरमैला व्यवस्थापनको क्षेत्रमा जनप्रतिनिधि वहाल भएदेखि हालसम्म भएका प्रमुख कार्यहरु र उपलब्धीहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**मुख्य मुख्य उपलब्धिहरुः**

१. बाढी,पैरो,माहामारी आदि विपद्जन्य घटनावाट प्रभावित ब्यक्ति, समाज , भौतिक संरचना आदिमा पुग्न सक्ने क्षती न्यूनीकरण गर्न सहयोग गरिएको छ,साथै क्षती भएको भौतिक संरचनाको पुन निर्माण र मर्मत सम्भार गरिएको छ ।

२. आईपर्न सक्ने विपद्जन्य घटनाको रोकथाम,नियन्त्रण र व्यवस्थापन गर्नका लागि तयारी अवस्थामा रहिरहन सवै वडामा वडा स्वयं सेवक समुह गठन गरिएको छ ।

३. यु एस ए आई डी स्वच्छ हावा कार्यक्रम मार्फत वातावरण सुधारका लागि जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिएको छ

४. सूर्यविनायक नगरपालिका क्षेत्र भित्रको फोहोरमैला व्यवस्थापनका लागि सेवा प्रदायक संस्था नेप्सेम्याक सेवा प्रा.लि. सग थप दुई बर्षकोलागि सम्झौता म्यादथप गरी फोहोर मैला व्यवस्थापन कार्यलाई नीयमित गरिएकोछ । साथै विन वितरण कार्यलाई नरन्तरता दिइएको छ ।

५. बन,वातावरण तथा विपद् सम्वन्धी विषयमा थप अनुभव र दक्षता हासिल गरी कार्यदक्षतामा वध्दि गर्न सहयोग पुग्ने उदेश्यका साथ समितिका सदस्यहरु लाई अवलोकन भ्रमण कार्यक्रम संचालन गरिएको छ ।

६. नगरक्षेत्रको वातावरणलाई स्वच्छ सफा राखीरहन बातावरण तथा सरसफाई कार्यक्रमहरु, बन उपभोक्ता समुह सग सहकार्यगरी बन व्यवस्थापनमा सहयोग पुर्याउन चेतनामुलक कार्यक्रम संचालन गरिएको छ ।

❖ **बन वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा थप सुधारका लागि**

- नगर क्षेत्रलाई सदा सर्वदा स्च्छ, सफा र हरियाली शहरको रुपमा विकास गर्नका लागि सो सग सम्वन्धीत कार्य योजना तयार गरी अघि वढ्दा लक्ष्यमा पुग्न सहज हुनेछ ।
- नगरक्षेत्रमा घट्न सक्ने बिपद्जन्य घटनाहरु लाई घट्नै नदिन तथा घटी हाले पनि सम्भावित क्षतीवाट वच्न र विपद्जन्य घटनाको सहजै व्यवस्थापन गर्न सक्ने अवस्थाको सृजना गर्न विपद्जोखिम न्यूनिकरण कार्ययोजना तयार गरी सोही अनुरुप अघि बढ्दा लक्ष्यमा पुग्न सहज हुनेछ ।
- नगर भित्र रहेका बन ( सामुदायीक कवुलियती) हरुलाई नगरपालिकामा सुचिक्रीत गरी वार्षिक कार्ययोजना अनुसार कार्य गर्ने परीपाटीको विकास गराउनु पर्दछ ।

❖ **शाखा/वडाले गरेका महत्वपुर्ण अनुकरणीय नमुना योग्य असल अभ्यास**

- विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका लागि नियमीत अनुगमन निरक्षण गरी समयमै समस्याको समाधान गर्ने गरिएको छ

❖ **शाखामा देखिएका भोगिएका विद्यमान समस्याहरू**

- न्यून जनशक्ति

❖ **समस्या समाधानका उपाय एवं सुझावहरू**

- आवश्यक जनशक्तिको व्यवस्थापन ।

## ❖ वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था, आ व २०८०।८१ (रु हजारमा)

| क्र.सं. | कार्यक्रम क्रियाकलाप | एकाइ | आयोजना अवधिभरको लक्ष्य (बहुवर्षिय आयोजनाको हकमा) | | | वार्षिक लक्ष्य | | | आ.व. २०८०/०८१ वार्षिक प्रगति (भौतिक) | | | हाल सम्मको प्रगति भौतिक | | | आ.व. २०८०/०८१ को खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | प्रतिशत | परिमाण | भार | प्रतिशत | रकम | प्रतिशत | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २२ |
| १ | वातावरण तथा सरसफाई कार्यक्रम | | | | | १ | | ५०० | | | | १ | | | २५ | ५ | |
| २ | सरसफाई अभियान संचालन | | | | | १ | | ५०० | | | | - | | | | - | |
| ३ | शहरी बन व्यवस्थापन खुला क्षेत्र वृक्षारोपण | | | | | १ | | ५०० | | | | - | | | | - | |
| ५ | वातावरण तथा सरसफाई कार्यक्रम | | | | | १ | | ५०० | | | | १ | | | ४९२ | ९८ | |
| ६ | बन उपभोक्ता समुह सग सहकार्य | | | | | १ | | ५०० | | | | १ | | | २०० | ४० | |
| ७ | सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन | | | | | १ | | ८०० | | | | १ | | | ४८० | ६०.०३ | |
| ८ | वातावरण तथा अन्य दीवस | | | | | १ | | ५०० | | | | १ | | | - | - | |
| ९ | विन वितरण कार्यक्रम | | | | | १ | | ३००० | | | | | | | ७४३ | २४.७९ | |
| १० | विन वितरण कार्यक्रम | | | | | १ | | १००० | | | | | | | - | - | |
| ११ | संक्षिप्त वातवरणिय अध्ययन | | | | | १ | | १५०० | | | | | | | - | - | |
| १२ | विपद्व्यवस्थापन कोष | | | | | १ | | ४०००० | | | | | | | ४७४६० | | |
| १३ | जम्मा | | | | | | | ४९४०० | | | | | | | ४९४०० | १०० | |
| १४ | स्वयंसेवक समुह गठन | | | | | १ | | ४२५ | | | | १ | | | ४२५ | १०० | |
| | कुल जम्माः | | | | | | | ४९८२५ | | | | | | | ४९८२५ | १०० | |

### ४.१४. प्रशासन शाखा :

#### ४.१४.१. परिचय :

कुनैपनि कार्यालय वा संस्थाको मेरुदण्डको रुपमा रहेको प्रशासन शाखाले सम्रग संगठन संरचनालाई क्रियाशिल बनाउन रक्तसंचारको रुपमा कार्य गरिरहेको हुन्छ । कार्यालयको दैनिक प्रशासन, कर्मचारी प्रशासन, अन्तर कार्यालय सम्पर्क र समन्वय, जनशक्ती व्यवस्थापन, सार्वजनिक सम्पत्तीको संरक्षण र व्यवस्थापन, कार्यालयको लागि आवश्यक अन्य वन्दोवस्ती व्यवस्थापन, खरिद प्रकृया, अनुगमन, नियमन लगायतका समग्र संगठनको कार्य प्रभावकारी रुपमा संचालन व्यवस्थापन लगायतको कार्य प्रशासन शाखाबाट सम्पादन हुने गर्दछन् । साथै शाखागत रुपमा जिम्मेवारी नतोकिएका एवं भैपरी आउने अन्य सबै कार्यहरुको व्यवस्थापन पनि प्रशासन शाखाले नै गर्नुपर्ने हुन्छ ।

#### ४.१४.२. शाखाको कार्यविवरण :

(क) स्थानीय सेवा तथा जनशक्ति विकास

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन
- समायोजन ऐन बमोजिम समायोजन भई आउने कर्मचारीको व्यवस्थापन
- दैनिक प्रशासनिक कार्यका साथैकर्मचारी प्रशासन सम्बन्धी कार्य
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य
- नगरपालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबर्द्धन र नियमन
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा तथा क्षमता विकास
- नगरपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
- स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु ।
- नगर प्रहरी परिचालन, व्यवस्थापन
- सामाजिक सुरक्षा तथा पंजीकरण सम्बन्धी कार्यहरु

(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन

- नगरपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषय
- नगरपालिका भित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति तथा आफ्नो स्वामित्वमा रहेको भवन, सडक, पसल, व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनजस्ता प्राकृतिक स्रोत आदिको एकीकृत विवरण सहितको अद्यावधिक अभिलेख
- सेवा तथा निर्माण व्यवसायको सञ्चालन तथा व्यवस्थापन ।
- सार्वजनिक एवं सरकारी सम्पत्तीको संरक्षण र अभिलेखीकरण

(ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय

- संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व
- जिल्ला प्रशासन कार्यालय लगायत अन्य संघ अन्तर्गतका कार्यालयसँगको समन्वय
- जिल्ला समन्वय समितिसँगको समन्वय

- वडा तहसँगको सम्पर्क र समन्वय
- पत्राचार, सभा, समारोह, शिष्टाचार
- विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण
- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
- उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख

### ४.१४.३. डिजीटल हाजिरी :

नगरपालिकाबाट प्रवाह गरिने सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन सेवा प्रवाहमा खटिने कर्मचारीहरुको नियमन र सुपरीवेक्षणलाई प्रभावकारी बनाउन नगर कार्यपालिका तथा मातहतका सवै वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको डिजीटल हाजिरी प्रणाली जडान गरिएको छ । जसले गर्दा यथा समयमा कर्मचारी कार्यालयमा आई कार्यालय समयसम्म सेवा प्रवाहमा खटिने कार्यलाई नियमित र व्यवस्थित गर्न सकिएको छ ।

### ४.१४.४. डिजीटल नागरिक वडापत्र :

नगर कार्यपालिकामा सेवा लिन आउने आम सर्वसाधारण सेवाग्राहीले विना झन्झट सहज रुपमा सेवा लिने कार्यलाई थप सरलिकृत गरिएको छ । यसै आ.व.मा नगर कार्यपालिका कार्यालयमा सेवा लिन चाहिने कागजात र लाग्ने समय सहितको जानकारी समावेश गरी डिजीटल नागकिर बढापत्र राखी सकिएको छ । साथै डिजीटल नागरिक बढा पत्रलाई सबै वडा कार्यालयमा सम्म विस्तार गर्ने रणनीति लिइएको छ ।

### ४.१४.५. सूचना अधिकारी :

कार्यालयबाट हुने निर्णयहरुको संप्रेषण, सुचना सर्वसाधारणलाई उपलब्ध गराउने, कार्यालयको विषसँग सम्बनिधत कुनै विषयको जानकारी लिने सहजैलिन सकुन् भन्ने उद्देश्य सहित सूचना अधिकारी तोकिएको छ । कार्यालयको वेभ साइडमा सुचना अधिकारी सहित अन्य सबै सम्बन्धित पदाधिकारीहरुको फोन नं. सहितको विवरण राखी नागरिकको कार्यालयसँगको पहंचुलाई सरलिकृत गरिएको छ ।

### ४.१४.६. गुनासो सुन्ने अधिकारी :

सेवालिन आउने कुनैपनि सर्वसाधरणले सेवा प्राप्त गर्ने क्रममा कुनै समस्या र गुनासो भएमा तत्काल समवोधन गर्न सकियोस भनी गुनासो सुन्ने अधिकारी तोकि सेवाग्राहीबाट आउने गुनासोलाई तत्काल सम्बोधन गर्ने कार्यलाई संस्थागत गरिएको छ ।

**नगरपालिकाबाट सम्पादन हुने कार्यहरुमा सहजीकरण ल्याउन तथा गुणस्तरीय सेवा प्रवाह गर्न प्रविधिमैत्री वातावरण सृजनाका लागि गत आ.व. २०८०।०८१ सम्म देहाय अनुसारको व्यवस्थापन गरिएको छ।**

- राजस्व संकलनलाई पारदर्शि भरपर्दो बनाउन नगरपालिका तथा मातहतका सबै वडा कार्यालयबाट हुने राजस्व संकलन कार्यलाई व्यस्थित गर्न गत विगत आ.व देखि नै सफ्ट वेयर जडानगरी अनलाइन प्रणलीबाट राजस्व संकलन कार्य गरिदै आएको छ ।
- कार्यालयबाट हुने भुक्तानी कारोवारलाई सहज बनाउन, आर्थिक कारोबारसँग सम्बन्धित सेवाग्राहीले एकैस्थानबाट सेवा प्राप्त गर्ने कार्यलाई व्यस्थित गर्न एनआइसि एशिया बैकसँग सम्झौता गरी नगरपालिकाको कार्यालय परिसर भित्रबाट सर्वसाधरणलाई बैकिङ् सेवा समेत उपलब्ध गराइएको छ ।
- भवन निर्माण तथा नक्सापास प्रणाली व्यवस्थित गर्नका लागि विद्युतीय भवन अनुमति प्रणाली (EBPS) पूर्ण रुपले कार्यान्वयनमा ल्याईएको छ ।
- विद्युतीय भवन अनुमति प्रणाली (EBPS) कार्यान्यनमा आउनु भन्दा अगाडि कार्यालयमा रहेको भवन निर्माण नक्सापास फाईलहरु डिजिटलाईजेशन गर्ने कार्य सम्पन्न भई सकेको छ ।

- न्यायिक समितिको काम कारवाहीलाई प्रविधिमैत्री रुपमा संचालन गर्न न्यायिक समिति सम्बन्धी सफ्टवेयर निर्माण भई कार्यान्वयनमा रहेको छ ।
- नगरपालिकाबाट संचालन हुने पूर्वाधार विकास योजना तथा अन्य कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउनका लागि योजना सफ्टवेयर निर्माण भई कार्यान्वयनमा रहेको छ ।
- कर्मचारीको व्यक्तिगत विवरण सम्बन्धी कर्मचारी व्यवस्थापन सफटवेयर कार्यान्वनमा ल्याईएको छ ।
- सामुदायिक विद्यालयहरुमा वजेट निकासा सहज बनाउन सफ्टवेयर जडान गरी कार्यान्वयनमा ल्याइएको छ ।
- ई हाजिरी प्रणालीलाई वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुमा समेत अनिवार्य गरिएको छ ।
- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा नागरिक वडापत्र कार्यान्वयनमा ल्याईएको छ ।
- नगरपालिकाको वेभसाइट नियमित रुपमा अपडेट गरी सूचना प्रवाहलाई चुस्त दुरुस्त राखिएको छ । नियमित रुपमा सार्वजनिक गर्नुपर्ने सूचनाहरु वेभसाइट मार्फत सार्वजनिक गर्ने गरिएको छ ।
- नगरपालिकाको व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागले तयार गरेको ख्म्च्क्एरःक्ष्क  सफ्टवेयरबाट भई रहेको छ ।
- नगरपालिकामा नेपाल सरकारबाट स्वीकृत भए अनुसारको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा ल्याइएको छ । भुक्तानी  बैंकिङ्ग प्रणालीबाट मात्र गर्ने गरिएको छ ।
- नगरबासीहरुलाई शान्ति सुरक्षाको प्रत्याभूति दिन देहायका स्थानहरुमा सि.सि.टि.भी. जडान गरिएको छ ।
  - वडा नं. २ मा २४ थान ।
  - वडा नं. ७ मा २० थान
  - वडा नं. ६ मा १० थान ।
  - बालविनायक मा.वि. वडा नं. २ मा ६ थान ।
  - महेन्द्र शान्ति मा.वि. वडा नं. २ मा २६ थान ।
  - श्री गुप्तेश्वर महादेव मन्दिरमा ४ थान र श्री आशापुरी महादेवको मन्दिरमा १० थान ।
  - साँगा झोलुङ्गे पुलमा ७ थान ।
- सडक सुरक्षा व्यवस्थापनको लागि स्थान पहिचान गरी देहाय बमोजिमका वडामा ट्राफिक मिरर जडान गरिएको छ ।
  - वडा नं. २ मा २२ वटा ।
  - वडा नं. ३ मा २४ वटा ।
  - वडा नं. ४ मा २४ वटा ।
- सूर्यविनायक नगरपालिकाको योजना तथा अनुगमन कार्यविधि स्वीकृत गरी पूर्वाधार तथा अन्य कार्यक्रम अनुगमनका लागि उप प्रमुखज्यूको नेतृत्वमा रहेको नगर स्तरीय अनुगमन समितिबाट रु. पाँचलाख भन्दा वढी रकमका आयोजनाहरुको नियमित रुपमा अनुगमन कार्य भई रहेको तथा अनुगमन प्रतिवेदनका आधारमा मात्र योजना तथा कार्यक्रमको भुक्तानी दिने गरिएको छ ।
- कार्यालयको आन्तरिक वातावरणलाई स्वच्छ तथा सुन्दर बनाउन कार्यालय प्राङ्गण तथा कार्यकक्षहरुमा फूल विरुवा तथा गमला व्यवस्था गरी सोको रेखदेख समेतको व्यवस्था मिलाई कार्यकक्ष र कार्यालय परिसरलाई वातावरण मैत्री वनाइएको छ ।
- नगरपालिकाबाट हुने सबै आर्थिक कारोबार बैकिङ प्राणालीमा आवद्ध गर्दै सेवाग्राहीलाई एकै स्थानबाट छिटो छरितो रुपमा सेवा प्राप्त गर्न सक्ने बातावरण मिलाउन एन.आइ. सि.एसिया बैंकसँग सम्झौता गरी नगर कार्यपालिकाको परिसरबाट सरकारी कारोबार सहितको बैकिङ सेवा संचालित छ । नगरपालिका र बैंकको सहकार्यबाट सरल रुपमा राजस्व संकलन कार्य गर्न नगर कार्यपालिकाको

कार्यालय र वडा कार्यालयहरुमा QR Code Scan गरी कर तथा शुल्क तिर्न सकिने व्यवस्था मिलाइएको छ ।

- नगरपालिकामा सूचना प्रविधिको प्रयोग गरी मेट्रिक सिष्टममा आधारित प्रणालीमा घर नम्बर राखे कार्यको शुरुवात वडा नं. ५ बाट गरी ५०५० घरको घर नम्बरिङ्ग गर्ने कार्य सम्पन्न भएको छ । नम्बर प्लेट टाँस्ने कार्य बाँकि रहेको छ ।
- सूचना तथा तथ्यांक व्यवस्थापनलाई प्रभावकारी बनाई आम नागरिकहरु तथा सम्बद्ध निकायहरुमा नियमित सूचना प्रवाह गर्नका लागि नगर प्रवक्ता तोकि निजको संयोजकत्वमा नगर स्तरीय सूचना व्यवस्थापन ईकाई गठन गरिएको, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको र जनशक्ति व्यवस्थापन सहित सूचना केन्द्रको सुदृढीकरण कार्य अगाडि बढाइएको छ । मातहतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा समेत सूचना अधिकारी तोकि नियमित सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको छ ।
- नगरपालिकाको कार्यालय भवन निर्माण अन्तिम चरणमा पुगेको छ भने ८ वटा वडा कार्यालयहरुको आफ्नै पक्की भवन तयार भई व्यवस्थित वडा कार्यालय भवनमा कार्यालय संचालन भई रहेको छ । वडा नं. ५ को कार्यालय भवन निर्माण शुरु भएको छ ।
- नगरपालिकाको समग्र नीति निर्धारण गर्ने जन निर्वाचित नेतृत्व र नीति कार्यान्वयन गर्न स्थायी सरकारको रुपमा रहेको कर्मचारी संयन्त्र एउटै रथको दुई पांग्रा रहेको तथ्य सर्वविदितै छ । नगरपालिकाको नीति र कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी लक्ष्य अनुरुप प्रतिफल हासिल गरी दिगो विकास व्यवस्थित शहर : स्वच्छ समृद्ध सूर्यविनायक नगर बनाउने कार्यमा इमान्दारितापूर्वक लाग्न अनुरोध गर्दछु ।
- प्राप्त उजुरी तथा फछ्र्यौटको अवस्थाः
  - क) अ.दु.अ.आ तथा अन्य निकायको उजुरी संख्या १८ (सबै फछ्र्यौट)
  - ख) हेलो सरकार पोर्टलबाट प्राप्त उजुरी संख्या २३ (सबै फछ्र्यौट)
- सूचनाको हक अन्तर्गतको सूचना माग संख्या १५ (सबैलाई सूचना उपलब्ध गराइएको)

## कार्यालय भवनहरुको विवरण :

| क्र.सं. | जिल्ला | न.पा. | वडा नं. | कार्यालयको नाम | भवन संख्या | भवनको प्रकृति | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पक्की | कच्ची | पक्की गाह्रो र टिनको छाना | |
| १ | भक्तपुर | सूर्यविनायक | | सूर्यविनायक नगरपालिका | १ | ✓ | - | - | निर्माणाधिन |
| २ | भक्तपुर | सूर्यविनायक | १ | सिरुटार स्वास्थ्य चौकी | १ | ✓ | - | - | |
| ३ | | | २ | बालकोट स्वास्थ्य चौकी | १ | ✓ | - | - | |
| ४ | | | ३ | नगर स्वास्थ्य केन्द्र, बालकोट | १ | - | - | ✓ | |
| ५ | | | ४ | सू.न.पा. अस्पताल, दधिकोट | १ | ✓ | - | - | |
| ६ | | | ५ | कटुञ्जे स्वास्थ्य चौकी | १ | ✓ | - | - | |
| ७ | | | ७ | गुण्डु स्वास्थ्य चौकी | १ | ✓ | - | - | |
| ८ | | | ८ | सिपाडोल स्वास्थ्य चौकी | १ | ✓ | - | - | |
| ९ | | | ९ | नंखेल स्वास्थ्य चौकी | १ | ✓ | - | - | |
| १० | | | १० | चित्तपोल स्वास्थ्य चौकी | १ | - | - | ✓ | |
| ११ | भक्तपुर | सूर्यविनायक | १ | वडा नं. १ कार्यालय, सिरुटार | १ | - | ✓ | - | कच्ची भवन-१ |
| १२ | | | २ | वडा नं. २ कार्यालय, बालकोट | २ | ✓ | ✓ | - | पुरानो कच्ची भवन-१, नयाँ-१ |
| १३ | | | ३ | वडा नं. ३ कार्यालय, बालकोट | १ | ✓ | - | - | पक्की भवन-१ |
| १४ | | | ४ | वडा नं. ४ कार्यालय, दधिकोट | १ | ✓ | - | - | पुरानो कच्ची भवन-१ |
| १५ | | | ५ | वडा नं. ५ कार्यालय, कटुञ्जे | १ | - | ✓ | - | कच्ची भवन-१ |
| १६ | | | ६ | वडा नं. ६ कार्यालय, पाण्डुबजार | १ | ✓ | - | - | पक्की भवन-१ |
| १७ | | | ७ | वडा नं. ७ कार्यालय, गुण्डु | १ | ✓ | - | - | पक्की भवन-१ |
| १८ | | | ८ | वडा नं. ८ कार्यालय, सिपाडोल | २ | ✓ | ✓ | - | पुरानो कच्ची भवन-१, नयाँ-१ |
| १९ | | | ९ | वडा नं. ९ कार्यालय, नंखेल | १ | ✓ | - | - | पुरानो पक्की भवन-१ |
| २० | | | १० | वडा नं. १० कार्यालय, चित्तपोल | १ | ✓ | - | - | पक्की भवन-१ |